श्री योजना + सूचना शाखा
website लगायत
social Mediama
सार्वजनिक गर्ने

मिति:२०८३/०६/०१

श्री प्रमुख प्रशासकीय अधिकृतज्यू,

नगर कार्यपालिकाको कार्यालय, जिरी, दोलखा।

विषय : एकीकृत घुम्ती सेवा शिविरको संक्षिप्त प्रतिवेदन पेश गरिएको बारे।

महोदय,

प्रस्तुत विषयमा यस जिरी नगरपालिकाले मिति २०८३/०५/१६ गते देखि ऐ.ऐ. ०५/३१ गतेसम्म प्रत्येक वडामा संचालन गरेको **एकीकृत घुम्ती सेवा शिविर, २०८३** को संक्षिप्त प्रतिवेदन देहाय बमोजिम रहेको बेहोरा अनुरोध गर्दछु।

पृष्ठभूमिः

योजना सम्झौता प्रक्रियालाई सरल र सहज बनाउँदै नगरपालिकाबाट प्रदान हुँदै आएका विभिन्न सेवाहरु सुत्केरी आमालाई पोषण सामग्री वितरण, अपाङ्गता परिचय पत्र वितरण, जेष्ठ नागरिक परिचयपत्र वितरण, स्वास्थ्य बिमा सम्बन्धी सेवा, पशु स्वास्थ्य सेवा र सामान्य स्वास्थ्य परीक्षण तथा उपचार सेवा, आदिलाई बेला बखत जनताको घरदैलो नजिकबाट प्रदान गर्ने उद्देश्यले मिति २०८३।०५।१६ गते देखि ऐ.ऐ. ०५/३१ गते सम्म जिरी नगरपालिकाका सबै वडाहरूमा एकीकृत घुम्ती सेवा शिविर कार्यक्रम सम्पन्न भएको छ । घुम्ती सेवा शिविरमा नगर प्रमुखज्यू, नगर उप-प्रमुखज्यू, सम्बन्धित वडा अध्यक्षज्यूहरु, कार्यपालिका सदस्यज्यूहरू, वडा समितिका सदस्यज्यूहरु र अपाङ्गता परिचय पत्र वितरण समितिका पदाधिकारीज्यूहरू, तथा प्रमुख प्रशासकीय अधिकृत सहित सम्बन्धित शाखाका कर्मचारी (योजना शाखा, प्राविधिक शाखा, लेखा शाखा, पशु सेवा शाखा, स्वास्थ्य शाखा, महिला तथा बालबालिका शाखा, आदि), स्वास्थ्य बिमा दर्ता सहयोगीहरु, जिरी अस्पतालका मेडिकल अधिकृत लगायतका कर्मचारीहरु, इलाका प्रहरी कार्यालय जिरीका प्रहरी कर्मचारीहरु, वडा सचिव तथा वडा कर्मचारीहरु, लगायत सम्बन्धित वडाका वडावासीहरुको सहभागितामा कार्यक्रम सम्पन्न गरिएको छ ।

जिरी नगरपालिका नगर कार्यपालिकाको कार्यालय दोलखा जिल्ला बागमती प्रदेश, नेपाल

<u>कार्यक्रमको वडागत विवरण:</u>

| वडा विवरण | शिविर संचालन भएको मिति | एकीकृत घुम्ती सेवा शिविरबाट प्रदान गरिएका सेवाको विवरण | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | योजना सम्झौता | अपाङ्गता परिचय पत्र वितरण | ज्येष्ठ नागरिक परिचयपत्र वितरण | सुत्केरी आमालाई पोषण सामग्री वितरण | स्वास्थ्य बिमा | पशु स्वास्थ्य सेवा | सामान्य स्वास्थ्य परीक्षण तथा उपचार | कैफियत |
| जिरी -१ | २०८३-०५-३१ | १० | २ | ४ | ० | ० | २४ | ४ | |
| जिरी -२ | २०८३-०५-३० | १९ | १ | २ | ३ | ३ | ७२ | ४४ | |
| जिरी -३ | २०८३-०५-२४ | ७ | ० | ४ | २ | १० | ३६ | २८ | |
| जिरी -४ | २०८३-०५-१८ | ८ | ० | ७ | २ | ४ | ३० | १५ | |
| जिरी -५ | २०८३-०५-२५ | ४ | ० | ० | ० | ० | ० | ० | वडा नं. ५ मा योजना सम्झौता गर्ने कार्यक्रम मात्र राखिएको। |
| जिरी -६ | २०८३-०५-१६ | ७ | १ | ३ | ० | १५ | ३० | १८ | |
| जिरी -७ | २०८३-०५-१७ | ३ | ० | ४ | १ | १ | २५ | २४ | |
| जिरी -८ | २०८३-०५-२५ | १९ | ० | ४ | ३ | २ | ३६ | २५ | |
| जिरी -९ | २०८३-०५-२६ | १६ | ४ | ३ | २ | ६ | ४० | २६ | |
| जम्मा | | ९३ | ८ | ३१ | १३ | ४१ | २९३ | १८४ | |

नगरका सबै वडाहरुमा ८ दिनसम्म संचालन गरिएको एकीकृत घुम्ती शिविरमा ९३ वटा पूर्वाधार तर्फका योजना सम्झौता, ८ वटा अपाङ्गता परिचय पत्र वितरण, ३१ वटा जेष्ठ नागरिक परिचयपत्र वितरण, १३ जना सुत्केरी आमालाई पोषण सामग्री वितरण, ४१ परिवारलाई स्वास्थ्य बिमामा आवद्धता, २९३ जना कृषकलाई पशु स्वास्थ्य सेवा र १८४ जनाको सामान्य स्वास्थ्य परीक्षण तथा उपचार गरियो।

जिरी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
दोलखा जिल्ला
बागमती प्रदेश, नेपाल

अन्त्यमा,

उक्त शिविर कार्यक्रम सफलतापूर्वक सम्पन्न गर्न नेतृत्व सहित सहभागी हुनु हुने जनप्रतिनिधि ज्यूहरु, राष्ट्रसेवक कर्मचारी, सुरक्षा निकायको कर्मचारी, स्वास्थ्यकर्मी, सरोकारवाला निकायका कर्मचारीहरु, आम उपभोक्ता लगायत सम्पूर्ण नगरवासी दाजुभाई दिदीबहिनीहरुमा हार्दिक आभार एवं धन्यवाद व्यक्त गर्दछौं।

शिविर मार्फत हालसम्म सम्पन्न भएका योजनाहरु सम्झौता बमोजिमको समयभित्र गुणस्तर कायम गरी सम्पन्न गर्न सम्वद्ध सवै पक्षबाट सहयोग, सहभागिता र समन्वयको लागि अनुरोध छ।

विमल कुमार दहाल
सहायकस्तर पाँचौं/योजना शाखा
जिरी नगरपालिका,दोलखा